# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### नेपाल राष्ट्र बैंक र China Banking Regulatory Commission (CBRC) बीच सुपरवेक्षकीय जानकारी आदान-प्रदान गर्ने सम्बन्धी सहमती-पत्रमा हस्ताक्षर



गभर्नर डा. चिरंजीबि नेपालले नेपाल राष्ट्र बैंक र China Banking Regulatory Commission (CBRC) बीच सुपरिवेक्षकीय सूचना आदान-प्रदान गर्ने तथा बैंक सुपरिवेक्षणका क्षेत्रमा सम्बन्ध र सहयोग विस्तार गर्ने उद्देश्यले २०७२ चैत ८ गते तद्नुसार मार्च २१, २०१६ का दिन एक सहमती-पत्र (Memorandum of Understanding - MOU) मा हस्ताक्षर गर्नुभयो । चीनको बेइजिङ्गमा आयोजित उक्त सहमतीपत्र हस्ताक्षर समारोहमा दुबै देशका प्रधानमन्त्रिहरुको उपस्थिती रहेको थियो । आ- आफ्नो सुपरिवेक्षण क्षेत्राधिकार अन्तर्गत पर्ने वाणिज्य बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षण गर्नका लागि नेपाल राष्ट्र बैंकले सम्बन्धित विदेशी सुपरिवेक्षण अधिकारीसँग पारस्परिकताका आधारमा सहयोगको आदान-प्रदान तथा सो प्रयोजनका लागि प्राप्त जानकारी वा सूचना भंग नहुने गरी विदेशी सुपरिवेक्षण अधिकारीसँग सूचना/जानकारी आदान-प्रदान गर्न सक्ने कानूनी व्यवस्था अनुरुप गरिएको उक्त सम्झौता नेपाल राष्ट्र बैंकका लागि विदेशी सुपरिवेक्षण अधिकारीसँग गरिएको दोस्रो सहमती-पत्र हो । यस अघि २०७२ भाद्र २८ मा नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंक बिच यस्तो सहमति पत्रमा हस्ताक्षर भएको थियो ।

सम्माननीय प्रधानमन्त्री श्री के.पि.शर्मा ओलीज्यूको औपचारिक चीन भ्रमणको क्रममा सम्पन्न सो कार्यक्रममा सहभागी भई गभर्नर डा. नेपाल चैत १० गते स्वदेश फर्कने कार्यक्रम रहेको छ । गभर्नर डा. नेपालका साथ बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल समेत सहभागी हुनुहुन्छ ।

**२०७२ चैत ८ गते सोमबार**

**गभर्नरको कार्यालय**